**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०७ जून २०२४

समयः १८:५० – १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१.भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदीले आउदो आइतबार तेस्रो पटक प्रधानमन्त्री पदको शपथ ग्रहण गर्नुहुनेछ ।

२.प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो जीवनको हरेक क्षण डा. बाबासाहेब अम्बेडकरले दिएको भारतीय संविधानमा निहित महान मूल्यमान्यतालाई कायम राख्न समर्पित रहेको बताउनु भएको छ ।

३.सूचना तथा प्रसारण मन्त्रालयले योग अभ्यासका फाइदाहरू बारे तथा योगा प्रोटोकलको बारेमा जागरूकता सिर्जना गर्न विभिन्न कार्यक्रमहरू आयोजना गर्ने भएको छ।

४.दार्जिलिङ पुलबजार खण्डको लोधोमा दुई ग्रामको मुङमुङ खोलामा निर्मित मिनी हाइड्रोपावर कम्पनीका आन्दोलनरत कर्मचारीहरुको समस्यालाई लिएर बसेको बैठक बिफल भएको छ।

**<u>नरेन्द्र मोदी – शपथ ग्रहण</u>**

भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदीले आउदो आइतबार तेस्रो पटक प्रधानमन्त्री पदको शपथ ग्रहण गर्नुहुनेछ।शपथ ग्रहण समारोह साँझ ६ बजे राष्ट्रपति भवनमा हुनेछ। केन्द्रीय मन्त्री प्रह्लाद जोशीले आज नयाँ दिल्लीमा एनडीए संसदीय दलको बैठकमा यस आशयको जानकारी दिनुभएको छ । राष्ट्रपति द्रौपदी मुर्मूले श्री नरेंद्र मोदी र उनको नया मंत्रिमंडललाई शपथ ग्रहण गराउनुहुनेछ ।

****** ० ******

**<u>नरेन्द्र मोदी- एनडीए संसदीय दलका नेता</u>**

भाजपाका बरिस्ठ नेता एव प्रधानमन्त्री नरेन्द्र मोदी राष्ट्रिय जनतांत्रिक गठबन्धन (एनडीए) संसदीय दलका नेता चुनिएका छन् सभारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय मन्त्री राजनाथ सिंहले एनडीए संसदीय दलको नेताका लागि नरेन्द्र मोदीको नाम प्रस्ताव राख्नुभयो । श्री मोदीको नाम प्रस्ताव गर्दै राजनाथ सिंहले भन्नु भयो – श्री मोदी यस पदका लागि सबैभन्दा उपयुक्त व्यक्ति हुन्। उहाले भन्नुभयो -, यो गठबन्धन बाध्यता होइनए यो हाम्रो प्रतिबद्धता हो।यस अवसरमा बोल्नुहुदै प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ - श्एनडीए सत्ताका लागि एकजुट भएका पार्टीहरुको समूह होइन सउहाले एन.डी.ए भारतको इतिहासमा सबैभन्दा सफल गठबन्धन भएको र यसको उद्देश्य सबै निर्णयमा सहमति कायम गर्नु रहेको बताउनु भएको छ ।

****** ० ******

<u>प्रधानमन्त्री -बाबा अम्बेडकर</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो जीवनको हरेक क्षण डा. बाबासाहेब अम्बेडकरले दिएको भारतीय संविधानमा निहित महान मूल्यमान्यतालाई कायम राख्न समर्पित रहेको बताउनु भएको छ । श्री मोदीले सामाजिक सञ्जालमा भन्नुभएको छ -

৪संविधानका कारण मात्र म जस्तो गरिबीमा जन्मेको र पछडिएको परिवारमा जन्मेको व्यक्तिले राष्ट्रको सेवा गर्न सकेको छ। देशको संविधानले करोडौं जनतालाई आशाए शक्ति र गरिमा दिएको उहाको भनाई रहेको छ ।

****** ० ******

**सूचना तथा प्रसारण मन्त्रालय**

सूचना तथा प्रसारण मन्त्रालयले योग अभ्यासका फाइदाहरूको बारेमा जागरूकताको साथसाथै साझा योगा प्रोटोकलको बारेमा जागरूकता सिर्जना गर्न विभिन्न कार्यक्रमहरू आयोजना गर्नेछ। सूचना तथा प्रसारण सचिव सञ्जय जाजु र सचिव आयुष बैध राजेश कोटेचाले अन्तर्राष्ट्रिय योग दिवस २०२४ को तयारीको समीक्षा गर्नुभएको छ । सार्वजनिक सेवा प्रसारक प्रसार भारतीले दूरदर्शन र आकाशवाणी नेटवर्क मार्फत विभिन्न कार्यक्रमहरू प्रसारण गर्नेछ। मन्त्रालयका अनुसार दूरदर्शनले योगा विशेषज्ञहरूसँगको कार्यक्रम र अन्तर्वार्ता प्रसारण गर्नुका साथै विशेष लाइभ मर्निङ शो प्रसारण गर्नेछ । आकाशवाणीले मोरारजी देसाई नेशनल इन्स्टिच्युट अफ योगा सँगको सहयोगमा योगलाई जीवन पद्धतिको रूपमा प्रचार गर्न र मानिसहरूको समग्र कल्याणको लागि कार्यक्रमहरू प्रसारण गर्नेछ। आयुष मन्त्रालयले योगा गीत तयार पारेको छ जुन सबै मिडिया प्लेटफर्महरूमा साझा गरिनेछ।

****** ० ******

**भारतीय रिजर्भ बैंक – लाइट वालेट**

भारतीय रिजर्भ बैंक–आरबीआईले यूपीआई लाइट वालेटका लागि अटो रिप्लेसमेन्ट सुविधा सुरु गर्ने प्रस्ताव गरेको छ। भारतीय रिजर्भ बैंक अफ इन्डियाले यूपीआई लाइटलाई ई–म्यान्डेट फ्रेमवर्कभित्र ल्याउने योजना बनाएको छ। यसअनुसार यूपीआई वालेटमा रहेको ब्यालेन्स ग्राहकले तोकेको सीमाभन्दा कम भएमा थप प्रमाणीकरण वा प्रि–डेबिट नोटिफिकेसन बिना नै रकम उसको खाताबाट वालेटमा सर्नेछ। आरबीआईले यो कदमले ग्राहकहरूलाई यूपीआई लाइट निर्बाध रूपमा प्रयोग गर्न सक्षम बनाउने बताएको छ। नियममा यो परिवर्तन विभिन्न सरोकारवालाहरूबाट प्राप्त प्रतिक्रियामा आधारित छ। हाल यूपीआई लाइट सुविधाले ग्राहकहरूलाई आफ्नो यूपीआई लाइट वालेटमा रु २ए००० सम्म लोड गर्न र रु ५०० सम्मको भुक्तानी गर्न अनुमति दिन्छ।

****** ० ******

रेलवे -सम्झौता

देश र विदेशमा आगामी मेट्रो परियोजनाहरूलाई समर्थन गर्नको लागी दिल्ली मेट्रो रेल निगम (डी.एम.आर.सी) र कोंकण रेलवे कर्पोरेशन लिमिटेड (के.आर.सी.एल) ले आज एक सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्। यस सम्झौता अन्तर्गत दुवै संस्थाले परियोजना सेवा प्रदायकको रुपमा पूर्वाधार परियोजनामा सहयोग प्रदान गर्नेछन्। यी परियोजनाहरूमा मेट्रो / रेलवेए उच्च गतिको रेलए राजमार्गहरूए मेगा-ब्रिजहरूए सुरुङहरूए संस्थागत भवनहरूए कार्यशालाहरू वा डिपोहरूए एस एन्ड टी कार्यहरू र रेलवे विद्युतीकरण सहित आधारभूत सेवाहरूको सेवा समावेश रहेको छ।

****** ० ******

**बन्य जीवबैज्ञानिक को निधन**

प्रख्यात वन्यजीव जीवविज्ञानी एवं वन्यजीव संरक्षणका अग्रदूतहरु मध्ये एक ए.जे.टी. जॉनसिंहको आज बेंगलुरुमा निधन भएको छ स जोनसिंहले सन् १९७० को दशकको सुरुमा शिवकाशीमा प्राणीशास्त्रका व्याख्याताको रूपमा आफ्नो क्यारियर शुरु गर्नुभएको थियो स सन् १९८० को दशकको सुरुमा हात्तीसम्बन्धी उहाको अग्रणी कार्यले भारत सरकारका लागि प्रोजेक्ट एलिफेन्ट तयार पार्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

****** ० ******

**कांग्रेस -माग**

कांग्रेसले महात्मा गान्धीए छत्रपति शिवाजी महाराज र डा. भीमराव रामजी अम्बेडकरको प्रतिमालाई संसद भवन परिसरमा रहेको आफ्नो मूल स्थानबाट अन्यत्र सार्ने सरकारको कदमको निन्दा गरेको छ। कांग्रेस नेता पवन खेराले नयाँ दिल्लीमा पत्रकारहरुसँग कुराकानी गर्दै भन्नुभयो ए महान् नेताहरूको प्रतिमा सार्नुको पछाडिको वास्तविक उद्देश्य बारे जनताले जान्न चाहेको बताउनुहुदै श्यस विषयमा सरकारले संसद भित्र र संसद बाहिर जवाफ दिनुपर्ने माग गर्नुभएको छ ।

****** ० ******

कांग्रेस -खड्के

कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड़गेले एन.ई.ई.टी. परीक्षामा भएको अनियमितताको उच्चस्तरीय छानबिनको माग गर्नुभएको छ ।श्री खड़गेले सामाजिक सञ्जालमा भन्नुभएको छ -ए श्सर्वोच्च न्यायालयको निगरानीमा उच्चस्तरीय जाच गरिनुपर्छ। उहाले प्रश्नपत्र लीक ए धाँधली र भ्रष्टाचार एन.ई.ई.टी.लगायत धेरै परीक्षाको अभिन्न अंग बनेको आरोप लगाउनु हुदै परीक्षामा अनियमितता हुनुमा सरकार जिम्मेवार रहेको बताउनु भएको छ ।

****** ० ******

**सिक्किम क्रांतिकारी मोर्चा -नरेंद्र मोदी समर्थन**

सिक्किम क्रान्तिकारी मोर्चाले भारतीय जनता पार्टी संसदीय दलका नेता नरेन्द्र मोदीलाई भारतको प्रधानमन्त्रीमा समर्थन गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री प्रेमसिंह तामाङले सामाजिक सञ्जालमार्फत यस आशयको जानकारी दिनुभएको छ । उहाले आगामी १० जुनमा गान्तोक स्थित पाल्जोर स्टेडियम मा शपथ ग्रहण गर्ने जानकारी दिनुभएको छ ।

****** ० ******

**पश्चिम बंगाल -हिंसा**

पश्चिम बङ्गालका विभिन्न जिल्लाहरूबाट चुनावपछि हिंसाका समाचारहरू आइरहेका छन्। उत्तर बङ्गालको बेहर जिल्लाको अन्दर फूलबारी ग्राम पंचायत क्षेत्रमा रहेको बुथ १८८ का ग्रामिण जनताले टीएमसी समर्थित उपद्रवीहरूले सरकारी ट्युबवेलहरू उखेलेको गुनासो गरेका छन्। कोटलपुर ब्लकको लिगो ग्राम पंचायतमा एक भाजपा कार्यकर्तालाई केही गुण्डाहरूले पिटेको र उनको पसलमा तोडफोड गरेको आरोप लगाइएको छ। भाजपाले यस घटनाका लागि टीएमसीलाई दोषी ठहर्याएको छ भने टीएमसीले कुनै पनि घटनामा आफ्नो संलग्नता अस्वीकार गरेको छ।

****** ० ******

**स्वामी महाराज -नेपाल**

परम पूज्य स्वामीजी महाराजको नेतृत्वमा नेपालका प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डसँग नेपालमा सार्वजनिक सेवाका लागि भइरहेका विभिन्न प्रकारका सेवा परियोजनाका बारेमा भेटघाट भएको छ स यस भेटघाट अवधि भावी योजनाका बारेमा पनि गहन चर्चा भएको र उहाँले पतञ्जलीको सेवा कार्यको प्रशंसा गर्नुभएको छ स उहाले भावी योजनाहरूमा पनि सरकारले सहयोग गर्ने आश्वासन दिनुभएको छ । प्रधानमन्त्रीको सहयोगले पतञ्जलीको जनसेवाको काम व्यापक रुपमा अगाडि बढ्ने छ र पतञ्जलीले नेपालको समृद्धिए विकास र रोजगारीका लागि नयाँ उचाई स्थापित गर्नेछ भन्ने विश्वास गरिएको छ । पतञ्जलीको एक प्रतिनिधिमण्डल र नेपालका प्रधानमन्त्रीका प्रधान सचिव श्री बैकुण्ठ अरियाल पनि यस अवसरमा उपस्थित हुनुहुन्थ्यो।

****** ० ******

**दार्जीलिंग -निप्पोन आन्दोलन**

दार्जिलिङ पुलबजार खण्डको लोधोमा दुई ग्रामको मुङमुङ खोलामा निर्मित मिनी हाइड्रोपावर कम्पनीका आन्दोलनरत कर्मचारीहरुको समस्यालाई लिएर बसेको बैठक बिफल भएको छ। आन्दोलनरत कर्मचारीहरुले उठाएको मागलाई कम्पनी पक्षले संतोषजनक सम्बोधन नगरेपछि बैठक बिफल भएको बताइएको छ। निप्पोन कम्पनीको कार्यलय परिसरमा आयोजित बैठकमा खण्ड

बिकास अधिकारीए लोधोमा थाना प्रभारीए पन्चायत समिति कर्माध्यक्षए लोधोमा दुई ग्राम पन्चायत सचीव तथा प्रधान सगै कम्पनी पक्षका प्रतिनिधि तथा आन्दोलनरत कर्मचारीहरु सगै क्षेत्रीय राजनैतिक पार्टीका प्रतिनिधिहरुको उपस्थित रहेका थिए भने बैठकमा कर्मचारीहरुले उठाएको मागहरूमा प्रायःजसो मागलाई कम्पनीले सरासर अस्विकार गरे पछि कर्मचारीहरुको पक्षबाट बैठक वकआउट गरेका थिए भने अन्तत सभा निष्कर्षविहिन बन्दै समाप्त भएको थियो स आन्दोलनरत कर्मचारीहरुले आफ्नु खुन र पसिना दिएर कम्पनीको सरक्षण सगै फाइदा पनि उत्तिकै दिएको बताउदै यद्यपि पेटपालो सम्म हुन नसक्ने तलब कम्पनीले नदिएपछि आन्दोलनमा उत्रिनु बाध्य बनेको बताएका छन् सकर्मचारीहरुले आजको सभा निष्क्रियविहिन बन्नुमा कम्पनी नै दायी रहेको बताउदै आगामी दिनमा यो समस्यालाई जीटीएले हस्तक्षेप गर्नु पर्ने माग गरेका छन् स स्मरण रहोस् निप्पोन हाइड्रोपावर कम्पनीमा कार्यरत १४ जना स्थानीय कर्मचारीहरु गत १ मईदेखि विभिन्न मागहरूलाई लिएर आन्दोलनमा उत्रेका छन भने उनीहरूको समस्यालाई लिएर कम्पनी पक्षले खासै गम्भीरतापुर्वक नदेखाएपछी प्रशासनको सक्रियतामा यस बैठकको आयोजना गरिएको थियो

****** ० ******

**डा. सुमिरण सुब्बा - सम्मान**

मङपूका डा.समिरण सुब्बाले भर्खरै एमबीबीएस पास गरि मङपू साथै पहाडको नाम रोशन गर्न सक्षम भएकोमा स्थानीय गुडस्टार्ट एकाडमीले उहालाई सम्मान जनाएको छ। डा.सुमिरण सुब्बाले बाल्यशिक्षा मङपू गुडस्टार्ट एकाडमी बाट लिएका थिए भने आज यसै विद्यालयको तर्फ बाट डा.सुब्बालाई सम्मानजनाएको जानकारी प्राप्त भएको छ ।कमलकुमार छेत्रीको अध्यक्षतामा सम्पन्न भएको सम्मान समारोहमा प्रमुख अतिथि शशिभुशन राई उपस्थित हुनुहुन्थ्यो यस अवसरमा बिधार्थी नानीहरुले सुन्दर नृत्य प्रस्तुत गरेका थिए।

****** ० ******

**खर्सांग – साका दावा पर्व**

आज हिमालयन बुद्धिष्टहरुको पवित्र महिना साका दावाको अन्तिम दिन अर्थात चन्द्र पात्रको चौथो महिनाको अन्तिम दिन औशीको पावन अवसर पारेर खर्साङ शेर्पा एसोसिएसनले दार्जिलिङ डाली गुम्बाका माननीय लामा पेम्बालाई शेडुप दर्गेलिङ गुम्बामा भव्य स्वागत सहित प्रवचन कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रमा बुद्ध शाक्य मुनीका जीवनी अनि भगवान बुद्धका बाह वटा लिला प्रसङ्ग लगाएर प्रवचन गर्नुभो साथै भार्दोमाथि रोचक विश्लेषण गर्नु भयो। आजको यस कार्यक्रमा लामा पेम्बालाई शेर्पा एसोसिएसन खर्साङको तर्फबाट स्मृति चिन्ह सप्रेम भेटस्वरुप प्रदान गरियो। कार्यक्रमा स्वागत सम्भाषण एसोसिएसनका अध्यक्ष श्री दावा शेर्पाले राखे भने धन्यवाद ज्ञापन खेन्पो पासाङ दावा शेर्पाले राखे।

****** ० ******

**मिरिक- वृक्षरोपन**

जीटीए पर्यटन विभाग अनि स्मल फूड कार्ड एशोसिइसान को आयोजनामा आज मिरिक पर्यटन केन्द्र को प्रमुख आकर्षण रहेको समेंदु झील परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गर्यो स मिरिक झील परिसरमा व चापएएजिला लगायत अन्य फूलका बिरुवा रोपिएको जानकारी दिनुहुदै मिरिक स्मल फूड कार्ड एशोसिएशनका अध्यक्ष एंव डे सेन्टरका प्रबन्धक एटी राईले मिरिक पर्यटन केन्द्रलाई स्वच्छ सुन्दर बनाई राख्न तथा पर्यावरण संरक्षण एव प्रबर्धन को लागी स्थानीय संघ संस्थाहरुलके सक्रिय भूमिका निर्वाह गरिरहेको बताउनुभएको छ । यस अवसरमा जीटीए पर्यटन विभागका मुख्य सयोजक डाक्टर दावा शेर्पाएपर्यटन विभागका एमओडी सभासद धुर्ब बम्जनए लगायत विभिन्न संघ संस्थाका सदस्यहरू उपस्थित थिए स

****** ० ******